आज मिति २०८०।०९।०१ गतेका दिन यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद आचार्य ज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तपशिलको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

विशेष आमन्त्रित :-

अनिपाल शाही - जि.स.स. प्रमुख - जिल्ला समन्वय समिति, कालिकोट ।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी - कृष्ण प्रसाद आचार्य - जिल्ला प्रशासन का.का.

प्रतिनिधी (ने.क.पा.) - श्री

प्रतिनिधी (ने.का.) - श्री प्रमबराज शाही - सहसचिव ३०क०

प्रतिनिधी (रा.ज.पा.) - श्री नरेन्द्र बहादुर शाही - जनता समाजवादी पार्टी नेपाल

प्रतिनिधी (रा.प्र.पा.) - श्री लाल बहादुर मल्ल

प्रतिनिधी (ने.म.कि.पा.) - श्री नन्द बहादुर शाही

प्रतिनिधी (रा.ज.पा.) - श्री धर्मदत्त आचार्य

खाँडाचक्र (न.पा.) - प्रमुख - श्री जय प्रसाद पाण्डे

रास्कोट (न.पा.) - प्रमुख - श्री कर्ण चन्द्र बराल

तिलागुफा (न.पा.) -

महावै (गा.पा.)

शुभकालिका (गा.पा.) अध्यक्ष - श्री खडानन्द धौलागाई

सान्नीत्रिवेणी (गा.पा.) - अध्यक्ष - श्री डम्बर बहादुर शाही - गा.पा.

नरहरिनाथ (गा.पा.) - अध्यक्ष - श्री धिर बहादुर विष्ट - नरहरिनाथ गा.पा. का.

पचालझरना (गा.पा.) - अध्यक्ष - श्री खड्गराज सेजुवाल - पचालझरना गा.पा.

पचालझरना (गा.पा.) - उपाध्यक्ष - श्री तारा न्यौपाने

पलाता (गा.पा.) - अध्यक्ष - श्री लक्ष्मण बहादुर बम - पलाँता गा.पा. का.

पलाँता (गा.पा.) उपाध्यक्ष - श्री तारा न्यौपाने

सेनानी - श्री सागर थापा - नेपाली सेना, रणशुर गुल्म कालिकोट

प्र.ना.उ. - श्री चक्र बहादुर शाह - जिल्ला प्रहरी का.का.

प्र.ना.उ. - श्री राम बहादुर पाली (बोगटी) - सशस्त्र प्रहरी बल नेपाल, जा.

प्र.अ.अ. - श्री गणेश प्रसाद आचार्य - रा.अ.वि. कालिकोट ।

डा. भिम प्रसाद पोखरेल - स्वास्थ्य सेवा व्यवस्थापक, जा.

खड्क प्रसाद उपाध्याय - खाँडाचक्र न.पा. का. प्र.प्र.अ.

श्री कृष्णबहादुर महत - स्वास्थ्य सेवा कार्यालय कालिकोट - जन स्वा.अ.

श्री वीरेन्द्र ब. बुढा - मैत्री महासंघ नेपाल - अध्यक्ष

श्री चक्र बहादुर शाही - नि. समन्वय प्रमुख, कालिकोट

श्री कृष्ण बहादुर शाही - तिलागुफा न.पा. कालिकोट प्रतिनिधि

श्री भैरव राज जोशी - के.वि.पी. कालिकोट नि. के. प्रमुख

श्री लाल ब. नरेश, कृ. वि. का., कालिकोट

श्री रामप्रसाद उपाध्याय सा.वि.का. सा.वि.अ.

श्री उमा चन्द, कृषि विकास बैंक लि. शाखा प्रबन्धक

श्री महेशदत्त देवकोटा जिल्ला विकास तथा समन्वय इकाई कालीकोट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

निर्णयहरू :-

१. यस जिल्लाको हिमपात हुन सक्ने हिमाली खण्डमा रहेका गाउँ बस्तिहरुमा हिमपातबाट हुन सक्ने धनजनको क्षति न्यूनिकरण तथा प्रभावित संकटासन्न परिवारको राहत, उद्धार कार्यका लागि जिल्लाका सबै स्थानीय तहहरुलाई आ-आफ्नो स्थानीय तहमा हिमपातबाट प्रभावित हुनसक्ने क्षेत्रका बस्ती र गाउँहरुमा रहेको जनसंख्या मध्य अति विपन्न र संकटापन्न घर परिवारको (घर परिवारको सदस्य संख्या र घर मुलीका नाम समेत) विवरण लगत तयार गर्न अनुरोध गर्ने र उक्त कारणबाट उच्च जोखिममा रहेका संकटापन्न अभिलेख अनुसारका घरपरिवार एवं ब्यक्तिलाई आवश्यक पर्ने राहत सामग्री (न्यानो कपडा लगायत) को ब्यवस्था स्थानीय तह एवं जिल्ला विपद् ब्यवस्थापन समितिबाट ब्यवस्था गरी उपलब्ध गराउने र उक्त अनुसारको सामाग्री/ बस्तु/ सेवा प्राप्त गर्न सकिने गरी तयारी हालतमा राख्ने ब्यवस्थाका लागि उद्योग वाणिज्य संघ कालिकोटलाई गर्ने निर्णय गरियो।

२. यस वर्षको श्रावण,भाद्र महिनामा आएको बाढी पहिरोको कारण जिल्लामा ठुलो धनजनको क्षति भएको र यस क्रममा नरहरिनाथ गाउँपालिकाको ५८२ घरपरिवार, रास्कोट नगरपालिकाको ८२, सान्नीत्रिवेणी गाउँपालिकाको १४, खाडाचक्र नगरपालिका चिनगाउको दलित बस्ती समेतका वस्तीहरु पहिरोको कारण विपद्को उच्च जोखिममा रहेको उल्लेखित अनुसारका बस्तिहरुलाई हाल अस्थायी स्थानमा बसोबास गराई आएकोमा जिल्ला विपद् ब्यवस्थापन समितिको मिति २०७७/०६/१८ को बैठकबाट उल्लेखित विस्थापित बस्तीका घर परिवारलाई पुनस्थापन गर्नु पर्ने भनि पुनस्थापन गरिने स्थान समेत तोकी सिफारिस गरी पठाईएको सो अनुसारको घर परिवारको लागी बस्ती स्थानान्तरण का साथै आवासको निर्माण कार्यका लागि गृह मन्त्रालय एवं राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरणमा पु:न अनुरोध गर्ने निर्णय गरियो।

३. उल्लेखित निर्णय नं. १ अनुसारका स्थानीय तहहरुका बस्ती स्थानान्तरण लागि आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशमा समेत अनुरोध गर्ने निर्णय गरियो।

४. यस जिल्लाको तिलागुफा न.पा. वडा नं. ४ राचुलीमा यहि २०७७ मंसिर १३ गते भएको आगलागिको घट्नाबाट १४ घरपरिवारको बस्ने घर (आवास) लुगाफाटो, भाडाकुडा, अन्नपात तथा अन्य जेथा समेत सम्पुर्णरुपमा जलि नष्ट भएको र शुभकालिका गा.पा. भर्तामा समेत यहि अवधिमा ३ वटा घरमा आगजनी भै २ जना वालिकाको मृत्यु समेत भएको र तिलागुफा न.पा. वडा नं. १० माथिल्लो रुड्कीमा मिति २०७७/०७/२२ भएको आगलागीबाट घर सम्पत्ति नष्ट हुनका साथै २ जना बालवालिकाको मृत्यु हुन गएको ब्यहोरा बैठकमा अवगत भयो। सो अनुसार तिलागुफा न.पा. वडा नं. ४ राँचुलीका १४ घरपरिवार, तिलागुफा न.पा. वडा नं. १० का ३ घरपरिवार र शुभ कालिका गाउँपालिका वडा नं. ३,४ र ८ को ५ घरपरिवारको लागि आवश्यक घर (आवास) निर्माण गरिदिन आन्तरिक मामिला तथा कानून मन्त्रालय,कर्णाली प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो।

प्रसाद आचार्य
जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

५. उल्लेखित निर्णय नं. ३ अनुसारको आगलागिका घट्नामा परि मृत्यु भएका शुभकालिका गा.पा. वडा नं.३ का २ जना मृतक बालिका एवं तिलागुफा न.पा. वडा नं. १० माथिल्लो रुड्कीका २ जना बालबालिकाको आश्रित परिवारलाई नेपाल सरकारको विपद् राहत मापदण्ड अनुसार जिल्ला प्रशासन कार्यालयबाट राहत उपलब्ध गराउने निर्णय गरियो।

६. यस वर्षको साउन,भदौ महिनामा परेको अविरल वर्षाका कारण आएको बाढी पहिरोले ६० वटा विद्यालय भवनमा प्रत्यक्ष क्षति पुऱ्याएको र सो विद्यालय भवनको पुन: निर्माण/मर्मत सम्भारको लागि शिक्षा विकास तथा समन्वय इकाई कालिकोटले विवरण संकलन गरि मर्मत तथा पुन:निर्माणका लागि अनुरोध गरि पठाएका जिल्लाका विभिन्न स्थानीय तहका ६० वटा विद्यालय भवन मर्मत तथा पुन:निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिदिन नेपाल सरकार गृहमन्त्रालय एवं सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेशमा अनुरोध गरि पठाउने निर्णय गरियो।

७. यस वर्षको श्रावण महिनामा आएको बाढी यस जिल्लाको पश्चिम भेग जोड्ने कर्णाली नदिको जिते- लालिघाट खण्डमा रहेको फेरी बगाई लिएको कारण हाल जिल्लाका कर्णाली नदि पारी रहेका ५ वटा स्थानीय तहका नागरिकहरुका साथै बाजुरा, मुगु र हुम्ला जिल्लासम्म आवत जावत गर्ने ठूलो जनसंख्या एवं विकास निर्माणको कार्य लगायत नागरिक जनजिवनलाई प्रत्यक्ष असर पारिरहेको हुँदा विगतमा नेपाली सेनाबाट संचालन भै रहेको फेरी पुःन शिघ्र संचालनमा ल्याउनु अति आवश्यक रहेको हुँदा उक्त फेरीलाई आवश्यक बजेट ब्यवस्था सहित शिघ्र सु-संचालनको ब्यवस्था गरिदिनु हुन मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो।

८. खाँडाचक्र नगरपालिकाको मान्म बजार क्षेत्रमा उपभोक्ता समितिबाट वितरण गरिदै आएको खानेपानी विगत केही दिनदेखि स्थानीय सडक निर्माण गर्ने क्रममा डोजरबाट विग्रन गएको र मर्मतका लागि खानेपानी उपभोक्ता समिति उदासिन देखिएको सन्दर्भमा उक्त खानेपानीको नियमित आपूर्ति ब्यवस्था मिलाउन खाँडाचक्र न.पा.लाई आजैको बैठकबाट अनुरोध गर्ने निर्णय गरियो।

कृष्ण प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी